आज मिति २०७७ साल अषोज महिनाको २६ गते विहान ८ बजे यस बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री महेन्द्रबहादुर शाहज्यूको अध्यक्षतामा बसी तपशिलका प्रस्तावहरु माथि देहायका निर्णयहरु गरियो ।

उपस्थिति

| | |
|---|---|
| १.श्री महेन्द्रबहादुर शाह | गाउँपालिका अध्यक्ष |
| २.श्री ओमा शाही | गाउँपालिका उपाअध्यक्ष |
| ३.श्री अजविर सिंह | गाउँकार्यपालिका सदस्य |
| ४.श्री लालभक्त सिंह | गाउँकार्यपालिका सदस्य |
| ५.श्री कर्णे कामी | गाउँकार्यपालिका सदस्य |
| ६.श्री बसन्त शाही | गाउँकार्यपालिका सदस्य |
| ७.श्री शशिराम गौतम | गाउँकार्यपालिका सदस्य |
| ८.श्री सिर्जना बस्नेत | गाउँकार्यपालिका सदस्य |
| ९.श्री मनबहादुर शाही | गाउँकार्यपालिका सदस्य |
| १०.श्री ममिता पुन | गाउँकार्यपालिका सदस्य |
| ११.श्री द्वारीकाप्रसाद बुढा | गाउँकार्यपालिका सदस्य |
| १२.श्री देउमा बुढा | गाउँकार्यपालिका सदस्य |
| १३.ऐनबहादुर परियार | गाउँकार्यपालिका सदस्य |
| १४.शिला सार्की | गाउँकार्यपालिका सदस्य |
| १५ .श्री सुन्दरी सार्की | गाउँकार्यपालिका सदस्य |
| १६.तिले महतारा | गाउँकार्यपालिका सदस्य |
| १७. श्री गोबिन्द बहादुर सिंह | सदस्य सचिव |

गोविन्द बहादुर सिंह
नि.प्रमुख प्रशासकिय अधिकृत

बारेकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

बारेकोट गाउँपालिका गाउँकार्यापालिकाको बैठकक
२०७७ असोज २६ गते बेठका निर्णयहरु

**निर्णय नं. १:**
प्रस्ताव नं. २०७७ साल अषाढ २५ गते गएको बाढीपहिरोबाट प्रभावित घरधुरीहरुलाई राहत वितरण गर्नका लागि प्रदेश सरकारबाट प्राप्त ३० केजीको ४३४ बोरा चामल, सामाजिक अभियान्ता नर बहादुर कार्कीको पहलमा कर्णालीमा भोक विरुद्ध सहायता अभियानबाट प्राप्त २५ केजीको १२० बोरा चामल र दाल ५ केजीको १२० बोरा चामल उपलब्ध गराउनु हुने प्रदेश सरकार र सामाजिक अभियानकर्ता नर बहादुर कार्कीलाई धन्यबाद व्यक्त गर्दै उक्त प्राप्त भएको चामल र दाल प्रत्येक वडामा तपशिल बमोजिमको चामल वितरण गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.न. | वडा नं. | चाम | दाल |
|---|---|---|---|
| १ | १ | ५६ बोरा | १० ब्याक |
| २ | २ | ५६ बोरा | १० ब्याक |
| ३ | ३ | ५६ बोरा | १० ब्याक |
| ४ | ४ | ८१ बोरा | १० ब्याक |
| ५ | ५ | ८१ बोरा | १० ब्याक |
| ६ | ६ | ५६ बोरा | १० ब्याक |
| ७ | ७ | ५६ बोरा | १० ब्याक |
| ८ | ८ | ५६ बोरा | १० ब्याक |
| ९ | ९ | ५६ बोरा | १० ब्याक |
| जम्मा | | ५५४ बोरा | १० ब्याक |

**निर्णय नं. २**
अत आ.व. मा कोरोना माहामारीका कारण नेपाल भरी नै लगडाउन भएकाले दैनिक मजदुरी गरी खाने व्यक्तिहरुलाई छाक टार्न समस्या भएकोले यस पालिकाले मकै,चामल, तेल र नुन खरिद गरी वितरण गरिएको र मिति २०७७ साल अषाढ २५ गते गएको बाढी पहिरोबाट पिडित व्यक्तिहरुलाई मकै वितरण गरएकोले उक्त अपुग रकम वडाको सिफारिसका आधारमा बील बमोजिमको रकम कोरोना कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**
मिति २०७७ साल अषाढ २५ गते गएको बाढी पहिरोले क्षति तथा प्रभावित भएका घरधुरीहरुलाई राहत वितरण गर्नका लागि विश्व खाद्य कार्यक्रमले विस्कुट ७३४ घर परिवारलाई २ केजीका दरले , कोपिला भ्यालीबाट १०० बोरा दाल र चामल र कोरीया सेवा समाजले २०० बोरा दाल र चामल प्राप्त भएकोले उक्त सामाग्रीहरु कोपीला भ्यालीको सर्खेत देखि र अन्य सामाग्री कालीमाटीबाट ढुवानी गरेको हुदा विल बमोजिमको रकम यस कार्यालयको राहत कोषको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**
कोरोना महामारीको समयमा हेल्थ डेस्कमा खटिएका स्वास्थ्यकर्मी र सूरक्षाकर्मीहरुलाई बील तथा भरपाईको अध्ययण गरी तपशिल बमोजिमको हेल्थ डेस्कको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

तपशिल

- दोवाटो सिर्पाचौर रु १०७९००।
- दह रु १६५००।
- सेपुखोला रु १०४७८०।
- भेरी खवर प्रचार प्रशारको रु ३६०००।
- एचपी खवर रु ५०००।
- स्वास्थ्य शाखा खाजा खर्च रु १४५५०
- फोन रिचार्ज रु २४०००।
- लिम्सामा खर्च रु ३७००।
- सेपुखोला खर्च रु ४०६५।
- रामीडाँडा खर्च रु ३८००।
- नायकवाडा खर्च रु ३०००।
- आइसोलेसन खर्च रु १४७८०।
- मेनुका रोकायको खाना खर्च रु ७०९०।
- राधिका नेपाली खाना खर्च रु १२१६०।
- जिल्लाबाट आएका डाक्टरलाई खाना खुआएको रु ४६९५०।

जम्मा रु ४०४२७५।

**निर्णय नं. ५**
यस पालिकाको विभिन्न वडाका सडक सञ्जाल पुगिसकेको हुदा यस कार्यालय र वड कार्यालयलाई आवश्य पर्ने सवारी साधान खरिद गर्नु पर्ने भएको हुदा तपशिल बमोजिमका सवारी साधान खरिद गर्ने निर्णय गरियो ।

**तपशिल**

१. मेटरसाइकल १५ वटा १५० सिसिको
२.एम्बुलेन्स १ वटा
३.गाडी १ वटा

**निर्णय नं. ६**
यस कार्यालय अर्न्तगतका विषयगत शाखा, वडा कार्यालय, न्यायिक समिति र बारेकोट गाउँपालिकालाई आवश्यक पर्ने फर्निचरहरुको अवश्यकता पहिचान गरी कार्यालयलाई आवश्यक पर्ने सामाग्री खरिद गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने निणर्य गरियो ।

**निर्णय नं. ७**

सदमुकाम-खलंगा -कालीमाटी-सिर्के-सक्ला-लिम्सा-घाटसम्म सडक सञ्जाल जोडिसकेको हुदा आगामि दिनहरुमा यातायात संचालन गर्नु पर्ने भएकोले नलगाड नगरपालिकासंग समन्वयं गरी जिल्ला प्रशासन कार्यालय जाजरकोटसंग अस्थायी रोड अनुमती मागी भाडा दर निर्धारण गरीदिनका लागि अनुरोध गर्ने र यस कार्यालयले आवश्यक पर्दा गाडी रिर्जभ गर्नु पर्ने भएकोले गाडी रिर्जभको लागि सार्वजनिक सूचना प्रकाशन गरी कोटेसन लिने निर्णय गरियो ।

**निर्णय नं. ८**

आ.व. २०७६।०७७ सालको बार्षिक प्रगती समिक्षा दशै र तिहारको बीचमा गर्ने र सो कार्यको लागि यस कार्यालयका कार्यालय प्रमुख श्री गोबिन्द बहादुर सिंहलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस बारेकोट गाउँपालिकाको वडा नं. ३ को रुम्सील बस्तीमा हाल सम्ममा स्वास्थ्य संस्थाहरु स्थापना भएको छैन । रुम्सील बस्तीबाट वडा नं. ३ को मुल्साममा रहेको सामुदायिक स्वास्थ्य इकाईमा जानका लागि ३ घण्टा समय लाग्दछ भने वडा नं. २ को प्राथमिक स्वास्थ्य चौकी लिम्सामा जानका लागी ४ घण्टा समय लाग्ने भएको हुदा उक्त रुम्सील बस्तीमा आवश्यक पर्ने भएकाले प्रदेश सरकार र संघीय सरकारसंग स्वास्थ्य चौकी स्थापनाका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस गाउँपालिकाको वडा नं. १ सिर्पाचौर र बयाला, वडा नं. ८ को लैखम र वडा नं. ३ को रुम्सीलमा गाउँघर क्लिनिक संचालन गर्नका लागि गाउँघर क्लिनिक संचालन कार्यबिधि निर्माण गरी कार्यन्वयन गर्नु पर्ने भएकाले सो कार्यविधि तयार गर्नका लागि स्वास्थ्य शाखा संयोजक श्री बीरराज सिंह लाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णर्य नं.११**

यस कार्यालय अर्न्तगतको कृषि शाखामा एक वडा एक प्राबिधिक नियुक्ती गरी काम संचालन गर्नु पर्ने भएकोले कृषि कार्यविधि तयार गर्न कृषि विकास शाखाका प्रमुख ऐन बहादुर कार्कीलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

सामुदायिक स्वास्थ्य इकाई वडा नं. ३ मुल्साममा कार्यालय सहयोगी पदमा कार्यरत हरिकला शाहीलाई र प्राथमिक स्वास्थ्य केन्द्र लिम्सामा कार्यरत कार्यालय सहयोगी राधिका नेपालीलाई मिति २०७७ साल श्रावण १ गते देखि लागु हुने गरी कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय १३**

गरीवी निवारण कोषको आर्थिक सहयोगमा संचालित ग्रामीण एकिकृत विकास केन्द्र जाजरकोटद्धार संचालित कार्यक्रममा गत आ.व. देखि नै ग्रामीण एकिकृत बिकास केन्द्र जाजरकोटसंग सम्झौता भई

२०७६ साल अषाढ मसन्तमा म्याद समाप्त भई सकेकोले पुन मिति २०७७ साल श्रावण १ गते देखि मिति २०७७ साल चैत्र सम्ममा सम्झौता म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

परम्परागत रुपमा चल्दै आएका ( कार्कीज्यूला, रामीडाँडा र सुगरखाला ) मेलाहरु विश्व भरी महामारीकोरुपमा फैलदै आएको कोरोना माहामारी कोभिड १९ रोग दिन प्रति दिन फैलदै गएको कारण माथी उल्लेखित मेलाहरु यस बर्ष नलगाउन सम्बन्धित वडालाई र सर्वसाधारणलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस बारेकोट गाउँपालिकाको वडा नं. ३,४ र ५ मा पर्ने धार्मिक ऐतिहासिक तथा प्राकृतिकरुपमा महत्व पूर्ण स्थानहरुमा रहेका जस्तै राँगा बाचिला, साइकुँवारी ठाकुरजी, चाखुरे, तम्तु कोटेकालीमुरी बेलासपुर पाटनमा पाउने बहुमुल्य जडीबुटी दुर्लभ बन्यजन्तु रेडपाण्डा झारल, कस्तुरी लगाएत अन्य पर्यटकीय स्थलहरु समेटी भिडियो बृतचित्र (भिडियो डकुमेन्ट्री) निर्माण गर्न अत आ.व.को बचेको रकमबाट आवश्यक बजेटको व्यवस्था गरी निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

मिति २०७७ साल अषाढ २५ गतेका दिन बारेकोट गाउँपालिका वडा न. ४ को सार्मीटोलमा गएको बाढी पहिरोले क्षति पुऱ्यएको घरघुरी र मृतकलाई उद्धार गर्न खटिएका नेपाली सेना,सशस्त्र प्रहरी र नेपाल प्रहरीलाई खाना खर्च र अन्य सामाग्री खरिद गरिएकोले आवश्यक पर्ने रकम वडा अध्यक्षको सिफारिसमा रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १७**

विगत लामो समय देखि वडा कार्यालयमा लेखा तथा प्रशासन सहायक पदमा कार्यरत तपशिल बमोजिमका कर्मचारीहरुलाई तपशिल बमोजिमका वडाहरुमा कामकाज गर्न मिति २०७७ साल कार्तिक १ गते देखि लागु हुने गरी काज सरुवा गर्ने निर्णय गरियो

| सि.न. | नाम | पद | हाल काम गरेको वडा | काजमा सरुवा भई काम गर्नु पर्ने वडा |
|---|---|---|---|---|
| १ | काली बहादुर बुढा | लेखा तथा प्रशासन सहायक | वडा नं. ३ | वडा नं. ८ |
| २ | कर्ण बहादुर रोकाय | लेखा तथा प्रशासन सहायक | वडा नं. ४ | वडा नं. ३ |
| ३ | गणेश बहादुर सिंह | लेखा तथा प्रशासन सहायक | वडा नं. ८ | वडा नं. ४ |

**निर्णय नं. १८**

प्रदेश सरकार अर्न्तगतको एक पालिका एक वाली बस्तु उत्पादन कार्यक्रम अर्न्तगत पालिकाको तर्फबाट ३० प्रतिशत समपुरक बजेट व्यवस्था गरी कृषि बिकास कार्यालयबाट १५ लाख पशु अस्पताल तथा पशु सेवा कार्यालयबाट रु २० लाख गरी जम्मा रु ३५ प्राप्त भएको रकम कार्यन्वयनका लागि तपशिलका टोल र वडा छनौट गर्ने निर्णय गरियो ।

**तपशिल**

१) कृषि बिकास कार्यालय तर्फ :

- फलफूल खेती वडा नं. २ को बस्ती अर्यना

२) पशु अस्पताल तथा पशु सेवा कार्यालय तर्फ :

- भेडा कार्यक्रम वडा नं. ६ को धुमा र घर्तीगाउँ

**निर्णय नं.१९**

नलगाड हाइड्रोपावर कम्पनीबाट यस बारेकोट गाउँपालिका वडा नं. ८ र ९ मा डुवान परेका जग्गाको यस अघि जग्गा अतिकरणमा प्रतिरोपनी रु ४७५०००। मुहाब्जा वितरण गर्दा रकम अभावको कारण देखाई रु ४७५०००। रकम वितरण गरीएको थियो । अहिले उक्त वडाहरुमा प्रतिरोपनी रु ६ लाखका दरले वितरण गरिएको हुदा पहिले पाएका व्यक्तिहरुलाई अहिले वितरण गरेको दर अनुसार नै वितरण गरी दिनु हुन नलगाड हाइड्रोपावर कम्पनीलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

परमपरदेखि मनाउदै आएको नवामीका दिन मौलामा राँगाको बली चडाउने प्रचलन रहीआएकाले यस बर्षमा पनि तपशिल बमोजिमका स्थानहरुमा प्रचि मौलाको रु १५०००। हजारका दरले रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

- बारेकोट ४ गोठगाउँ
- बारेकोट ५ सिलिङ्गीचौर
- बारेकोट ५ नायकवाडा
- बारेकोट ७ सुवाकोट
- बारेकोट ८ छतिपाल्ती
- बारेकोट ९ सक्लाचौर

**निर्णय नं. २१**

वडा दशैको उपलक्ष्यमा बोकाको बली चडाएर हतियार पुजा गर्नु पर्ने भएकोले तपशिल बमोजिमका सुरक्षा निकायहरुलाई खसी उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

- इलाका प्रहरी कार्यालय रामीडाँडालाई रु १००००।
- इलाका प्रहरी कार्यालय सिलिङ्गीचौरलाई रु १००००।
- प्रहरी चौकी सेपुखोलालाई रु १००००।
- प्रहरी चौकी लिम्सालाई रु १००००।